आर्थिक अभियान

# ी पुगेन

# विद्यालय बाहिरका बालबालिकाप्रति


## चौतारा साँगाचोकगढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### चौतारा, सिन्धुपाल्चोक
### ३ नं प्रदेश, नेपाल

## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनको लागि क्षेत्र निर्धारण (Scoping) सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति :२०७६/०१/०४**

**प्रस्तावनाको नाम : भूकम्प स्मृती पार्क**

**जिल्ला : सिन्धुपाल्चोक**

**स्थान : चौतारा साँगाचोकगढी न.पा.- ५, दारेगौडा, पानी ट्यांकी**

प्रस्तावको व्यहोरा : २०७२ वैषाख १२ गते गएको विनाशकारी भूकम्पको सम्झना स्वरुप भूकम्प स्मृती पार्क चौतारा साँगाचोकगढी नगरपालीका-५, दारेगौडा, पानी ट्यांकी क्षेत्रको ४२,१०८ वर्ग मिटर क्षेत्रमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट निर्माण गर्न प्रस्ताव गरेको छ। उपरोक्त प्रस्ताव कार्यान्वयन तथा निर्माणको लागि वातावरण संरक्षण नियमावली,२०५४ को नियम ४ बमोजिम यो सार्वजनिक सूचना जारी गरिएको छ।

उपरोक्त कानुनी प्रवधान परिपुर्तिका लागि यो प्रस्ताव कार्यान्वयन गर्नु अधि, प्रस्तावले स्थानिय क्षेत्रको भौतिक, जैविक, सामाजिक तथा सांस्कृतिक वातावरण र यिनका अवयवहरु भित्रको अन्तर सम्बन्धमा पर्न सक्ने प्रभावको यकिन गरी वातावरणीय प्रभाव मूल्याङकन अध्ययन कार्य क्षेत्र तोक्नु पर्ने भएकोले सो आयोजनाले के कस्तो प्रभाव पार्दछ भनी सम्बन्धित व्यक्ति तथा संघ संस्थाहरुको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तलको ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई सहयोग गरी दिनहुन सम्बन्धित सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरु:

| प्रस्तावक | सम्बन्धित मन्त्रालय | परामर्शदाता |
|---|---|---|
| चौतारा साँगाचोकगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण सिंहदरबार, काठमाडौं | सिभिललिकं ईन्जीनियरिङ कन्सल्टेन्ट नयाबानेश्वर, काठमाडौ |
| ईमेल : chautaramun@gmail.com | ईमेल : info@nra.gov.np | ईमेल : civillinkengineering@gmail.com |
| फोन नं. : ०११-६२०४७७ | फोन नं. : ०१-४२११४८२ | फोन नं. :९८०८०५०३६० |


## कर्मचारीको सुविधामा अंकुश लगाउने महालेखाको प्रयास

पृष्ठ १ बाट क्रमशः

आर्थिक वर्ष २०७४/७५ मा ५ प्रतिशत मात्र करकट्टा गरेर ठूला करदाता कम्पनीका कर्मचारीलाई अवकाश बापतको रकम भुक्तानी दिइएको छ। त्यसबापतको रू. १० करोड ९३ लाख शुल्क र ब्याजसमेत असुल गर्नुपर्ने महालेखाको भनाइ छ।

आयकर ऐन, २०५८ मा यस्तो अवकाश कोषबाट भुक्तानी लिँदा अग्रिम रूपमा कट्टा गरिएको कर अन्तिम करको रूपमा कट्टा हुने व्यवस्था पनि छ।

'पहिलो कर छूट हुँदा कोषमा सहभागीहरूको आकर्षण थियो, अहिले कर बढेका कारण आकर्षण घट्दै गएको छ,' कोषका कार्यकारी निर्देशक नेपालले भने।